# ड्राफ्ट - 3/18/21

## उमेरवृद्धि, असक्षमता र सेवानिवृत्त सैनिक सेवाहरूको ि डिभजन 2021-2025 क्षेत्र योजना

उमेरवृद्धि, असक्षमता र सेवानिवृत्त सैनिक सेवाहरूको िडिभजन (ADVSD) ले 2021-2025 उमेरवृद्धि क्षेतर् योजनाको लागि क्षेतर्ीय निकायबाट ड्राफ्ट लक्ष्य र उद्देश्यहरूको निम्न सारांश पर्स्ताव गर्दै छ।

**आदिवासी अमेरिकी वृद्धवृद्धा**

1. आदिवासी अमेरिकी वृद्धवृद्धालाई सहायता गर्ने निकायहरूलाई नै सहायता गरेर शहरी क्षेत्रहरूमा बसोबास गर्ने ती वृद्धवृद्धालाई सेवा प्रदान गर्ने।
    a. आदिवासी वृद्धवृद्धाको स्याहार र कल्याण साथसाथै उनीहरूको परिवार, जाति र जनजातीय समुदायहरूसँग सम्बन्धित प्राथमिकताहरू ADVSD ले बुझेको छ र प्राथमिकता दिएको छ।
    b. धेरैजसो आदिवासी अमेरिकी वृद्धवृद्धाले ADVSD द्वारा वित्त व्यवस्था गरिएका कार्यक्रम र सेवाहरू उपयोग गर्ने गर्छन्।

**विपरीत लिङ्गी तथा तेस्रोलिङ्गी वृद्ध वयस्क र दुई आत्मीय वृद्धवृद्धा**

1. विपरीत लिङ्गी तथा तेस्रोलिङ्गी वृद्ध वयस्क र दुई आत्मीय वृद्धवृद्धा हेरचाह समुदायसँग राम्रोसँग जोडिएका छन् र आफ्नो उमेर बढ्दै जाँदा आफ्नो कल्याण, आत्मनिर्भरता र आत्मनिर्धारणमा सहायता गर्न सेवा र कार्यक्रमहरू प्रयोग गर्ने गर्छन्।
    a. ADVSD र उमेरवृद्धि सेवा नेटवर्कबाट सेवाहरू खोजिरहेका र पहुँच गर्दै गरेका विपरीत लिङ्गी तथा तेस्रोलिङ्गी वृद्ध वयस्क र दुई आत्मीय वृद्धवृद्धाको सङ्ख्या बढाउने।
2. विपरीत लिङ्गी तथा तेस्रोलिङ्गी वृद्ध वयस्क र दुई आत्मीय वृद्धवृद्धाले वृद्ध वयस्कहरू र असक्षमता भएका मानिसहरूलाई सेवाहरूमा पहुँच गराउन समुदाय-केन्द्रित प्रक्रियाको नेतृत्व गर्छन्।
    a. विपरीत लिङ्गी तथा तेस्रोलिङ्गी वृद्ध वयस्क र दुई आत्मीय वृद्धवृद्धाले घर तथा समुदायमा आधारित सेवाहरूसँग सम्बन्धित आफ्ना आवश्यकताहरू पहिचान गर्छन्, प्राथमिकता दिन्छन् र त्यससम्बन्धी सुझावहरू गर्छन्।

**सूचना तथा सहायता (I &A) र उमेरवृद्धि तथा असक्षमता स्रोत सम्बन्ध (ADRC)**

1. वृद्ध वयस्क, असक्षमता भएका मानिसहरू र उनीहरूको स्याहारकर्ताहरूले ADRC लाई सूचना, स्रोत र सेवाहरू पहुँच गर्ने एक उपकरणको रूपमा पहिचान र उपयोग गर्छन्।
    a. शारीरिक रूपमा, सांस्कृतिक रूपमा वा भाषाको आधारमा अलग गरिएका वृद्ध वयस्कहरूद्वारा पहुँच गर्दा अनुभव गरेका पृथक्करण र अवरोधहरू घटाउन ADRC को उपयोगिता बढाउने।

2. वृद्ध वयस्क, असक्षमता भएका मानिसहरू र उनीहरूको स्याहारकर्ताहरू सूचना, सिफारिस र सहायता नेटवर्कमार्फत स्रोत तथा सेवाहरूमा राम्रोसँग जोडिएका छन्।
    a. ऐतिहासिक र प्रणालीगत रूपमा अधिकारहीन गरिएका पहिचानहरूसँग सामुदायिक सम्बन्ध भएका सामुदायिक साझेदार र संस्थाहरूलाई ADRC र I & A नेटवर्कको बारेमा थाहा छ र यिनीहरूको प्रयोग गर्छन्।

**पोषण सेवाहरू**

1. वृद्ध वयस्कहरूले वहनयोग्य, सांस्कृतिक रूपमा उपयुक्त भएको र स्वास्थ्यलाई समर्थन गर्ने पर्याप्त खाना पाउनेछन्।
    a. पूरक पोषण सहायता कार्यक्रम वा SNAP जस्ता संघीय रूपमा वित्त व्यवस्था गरिएका कार्यक्रमहरूमा वृद्ध वयस्कहरूको उपयोगिता बढाउने।
    b. वृद्ध वयस्कहरूको विविध आवश्यकताहरू पूरा गर्न विभिन्न सेटिङहरूमा कम लागतको वा नि:शुल्क खानाको पहुँच उपलब्ध गराउने।
2. ऐतिहासिक र प्रणालीगत रूपमा अधिकारहीन गरिएका पहिचान भएका मानिसहरूलाई प्राथमिकता दिएर वृद्ध वयस्क र असक्षमता भएका मानिसहरूको लागि खानाको पहुँच बढाउन समुदायद्वारा नेतृत्व गरिएका प्रयासहरू समर्थन गर्ने।
    a. ऐतिहासिक र प्रणालीगत रूपमा अधिकारहीन गरिएका पहिचान भएका वृद्ध वयस्कहरूको लागि खानाको पहुँच र पोषण स्रोतहरूलाई प्राथमिकता दिइन्छ।

**स्वास्थ्य प्रवर्द्धन**

1. वृद्ध वयस्क र असक्षमता भएका मानिसहरू आफ्नो कल्याण र शारीरिक तथा मानसिक स्वास्थ्यको समर्थनमा आफ्नो समुदायसँग दृढतापूर्वक जोडिएका छन्।
    a. साझेदारी र नेटवर्क विकासको माध्यमद्वारा वृद्ध वयस्कहरूको लागि स्वास्थ्य प्रवर्द्धन कक्षा र क्रियाकलापहरूमा उपलब्धता बढाउने।
2. वृद्ध वयस्कहरू जीर्ण अवस्थाहरू सम्बोधन गर्न, स्वास्थ्यमा सुधार ल्याउन र पृथक्करण घटाउन स्वास्थ्य प्रवर्द्धन क्रियाकलापहरूमा सक्रियताका साथ सहभागी हुन्छन्।
    a. धेरैजसो वृद्ध वयस्कहरू आफ्नो स्वास्थ्य र कल्याणलाई समर्थन गर्न क्रियाकलापहरूमा सहभागी हुने गर्छन्।

**पारिवारिक स्याहारकर्ताहरू**

1. ऐतिहासिक र प्रणालीगत रूपमा अधिकारहीन गरिएका समुदायहरूमा सेवाहरूलाई प्राथमिकता दिएर पारिवारिक र औपचारिक स्याहारकर्ताहरूको लागि पारिवारिक स्याहारकर्ता सेवा तथा स्रोतहरू प्रवर्द्धन गर्ने।
    a. ऐतिहासिक र प्रणालीगत रूपमा अधिकारहीन गरिएका समुदायका स्याहारकर्ताहरूको लागि सेवाहरूलाई प्राथमिकता दिएर पारिवारिक र औपचारिक स्याहारकर्ताहरूको सहभागिता बढाउने।
2. पारिवारिक स्याहारकर्ताहरूले व्यक्ति-केन्द्रित र सांस्कृतिक रूपमा विशिष्ट सेवाहरू प्राप्त गर्छन्।
    a. सांस्कृतिक रूपमा सम्बन्धित र उत्तरदायी भएका र सेवाहरू प्राप्त गर्ने पारिवारिक स्याहारकर्ताहरूको सङ्ख्या बढाउने।

## वृद्धवृद्धा अधिकार तथा कानूनी सहायता

1. वृद्ध वयस्कहरूले ऐतिहासिक र प्रणालीगत रूपमा अधिकारहीन गरिएका समुदायहरूको लागि विस्तारित पहुँचलाई महत्त्व दिने वरिष्ठ कानून परियोजनाको माध्यमद्वारा कानूनी परामर्श पहुँच गर्छन्।
    a. कानूनी सहायता हरेक वर्ष औसतमा 900 वृद्ध वयस्कहरूलाई उपलब्ध गराइन्छ।
    b. वरिष्ठ कानून परियोजनाको माध्यमद्वारा ऐतिहासिक र प्रणालीगत रूपमा अधिकारहीन गरिएका वृद्धवृद्धालाई सेवा प्रदान गर्ने क्षमता बढाउने।

2. वृद्ध वयस्कहरूसँग मिल्ने साथीहरूको सहायता र स्वयं-वकालतको लागि समुदायमा आधारित स्रोतहरू हुन्छन्।
    a. विद्यमान स्वयं-वकालत स्रोतहरू र मिल्ने साथीहरूको नेटवर्कहरू प्रवर्द्धन गर्नका लागि पहुँच अभियानको विकास गर्ने।

## यातायात समन्वयन र स्रोतहरू

1. वृद्ध वयस्कहरूले आफूलाई उपलब्ध भएका यातायातका स्रोतहरू बुझ्दछन्।
    a. यातायातका स्रोतहरू ऐतिहासिक र प्रणालीगत रूपमा अधिकारहीन गरिएका सामुदायिक सदस्यहरूलाई प्राथमिकता दिएर अधिक आवश्यकता भएका वृद्ध वयस्कहरूलाई वितरण गरिन्छ।
    b. यातायातका स्रोतहरू वृद्ध वयस्क सेवा प्रणालीबीच समन्वित छन्।

2. यातायातका स्रोतहरूले समुदायको अधिमानलाई प्राथमिकता दिन्छन् र COVID-19 सुरक्षा प्रोटोकलहरूको पालना गर्छन्।
    a. जारी सेवा प्रावधान र COVID-19 सँग सम्बन्धित वृद्ध वयस्कहरूको यातायातसम्बन्धी आवश्यकता र प्राथमिकताहरू ADVSD ले बुझेको छ र सम्बोधन गरेको छ।